पत्रोत्तरमा पत्र संख्या र मिति उल्लेख हुन अपेक्षित छ ।

नेपाल सरकार

# वन तथा भू-संरक्षण मन्त्रालय

## योजना तथा जनशक्ति महाशाखा

सचिव : ४२११५६७
वातावरण : ४२११८९२
प्रशासन : ४२११९२८
योजना : ४२११९३६
अनुगमन : ४२११७४२
वैदेशिक : ४२११८६२
फ्याक्स : ४२११८६८

EX: पो.ब.नं. : ३९८७
सिंहदरबार, काठमाडौं

कबुलियती वन तथा पशु विकास कार्यक्रम
दर्ता नं. १००
मिति ६८।१०।३

पत्र संख्याः- २०६८/६९/नं. ६६२
चलानी नं.:-
प्राप्त पत्र संख्या र मितिः-

मितिः २०६८/०९/२६

विषयः कार्यविधि स्वीकृत भएको सम्वन्धमा ।

श्री वन विभाग,
ववरमहल, काठमाडौं ।

उपरोक्त सम्वन्धमा तहाँ विभागवाट टिप्पणी साथ पेश भएको पाना ४ को **"ब्यावसायिक प्रयोजनका लागि कबुलियती वन उपलब्ध गराउने कार्यविधि, २०६८"** नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०६८।०९।२५ को निर्णयानुसार स्वीकृत भएकोले उक्त स्वीकृत कार्यविधि यसै पत्रसाथ आवश्यक कार्वाहीको लागि पठाएको ब्यहोरा अनुरोध छ ।

पौडेल
२०६८/०९/२६
धनञ्जय पौडेल
योजना अधिकृत

# व्यवसायिक प्रयोजनका लागि कबुलियती वन उपलब्ध गराउने कार्यविधि, २०६८

## भूमिका

वन सम्पदा नेपालको कृषि, उद्योग, पर्यटन, जलस्रोत, वातावरण र जैविक विविधताको विकास र संरक्षणका लागि महत्वपूर्ण आधार हो । हाम्रो प्राकृतिक सम्पदाको व्यवस्थापन स्थानीय समुदायको सहभागिता तथा सार्वजनिक र नीजि समुदायको साझेदारीमा उत्पादकत्वमा बृद्धि गर्ने र रोजगारीको अवस्था सृजना गर्दै आर्थिक विकासमा टेवा पुऱ्याउनु त्रिबर्षीय योजनाको लक्ष्य रहेको छ । वन पैदावारमा आधारित उद्योग व्यवसायमा सार्वजनिक, नीजि तथा समुदायको लगानी आकर्षित गर्न बर्तमान कबुलियती वन नीतिले दिशानिर्देश गरेको छ ।

वन ऐन, २०४९, वन नियमावली, २०५१ र कबुलियती वन नीति, २०५९ ले राष्ट्रिय वनको व्यवस्थापन गर्न कबुलियती वन प्रदान गर्न सकिने व्यवस्था गरेको छ । यसरी नीतिगत तथा कानूनी संरचनाको प्रावधान भएता पनि गरिबीका रेखामुनि रहेका परिवारलाई प्रदान गरिने कबुलियती वन कार्यक्रमको सफलता बाहेक व्यवसायिक प्रयोजनका लागि प्रदान गरिने कबुलियती वन कार्यक्रमको अपेक्षित प्रतिफल हासिल हुन सकेको छैन ।

विद्यमान नीति अनुरुप राष्ट्रिय वनको कुनै भाग संगठित संस्था, उद्योग वा समुदाय लाई वन पैदावार उत्पादन गरी बिकी गर्न, वन पैदावारमा आधारित उद्योगका लागि कच्चा पदार्थ उत्पादन गर्न र वनको संरक्षण र बिकास हुने गरी पर्यापर्यटन व्यवसाय संचालन गर्न, कृषि वन र वन्यजन्तु वा किटपतङ्ग फार्म संचालन प्रयोजनका लागि तोकिएको अवधिका लागि तोकिएको दस्तुर लिई कबुलियती वन प्रदान गर्ने व्यवस्था गरिएको छ । तथापि, नीतिले व्याख्या गरे अनुरुप झाडी बुट्यान र अतिकमित वन क्षेत्रलाई अपेक्षा गरे बमोजिम व्यवस्थित गर्न सकिएको छैन ।

व्यवसायिक प्रयोजनका लागि प्रदान गरिने कबुलियती वन व्यवस्थापनमा अपेक्षित विकास तथा विस्तार गर्न संगठित संस्था, उद्योग वा समुदायलाई कबुलियती वन उपलब्ध गराउने प्रकृया स्पष्ट र सरल हुनुपर्ने देखिन्छ । व्यवसायिक कबुलियती वनको प्रवर्धन र विस्तार गर्न छिटो, छरितो र पारदर्शी प्रक्रिया अपनाई लगानी मैत्री वातावरण सृजना गर्ने कार्यविधि बनाउन वान्छनिय देखिन्छ । तसर्थ माथि उल्लेखित अवस्थालाई अवगत गरी वन नीति तथा प्रचलित कानूनको अधिनमा रही व्यवसायिक प्रयोजनका लागि सरल तरीकाबाट कबुलियती वन उपलब्ध गराउने उद्देश्यले वन तथा भू-संरक्षण मन्त्रालयले "व्यवसायिक प्रयोजनका लागि कबुलियती वन उपलब्ध गराउने कार्यविधि, २०६८" बनाएको छ ।

## (१) व्यवसायिक कबुलियती वनको पहिचान तथा वर्गीकरण

सम्बन्धित सरोकारवालासंगको समन्वय र छलफलबाट संभावित वन क्षेत्रको नक्साङ्कन गरी कबुलियती वन नीति, २०५९ को आधारमा जिल्ला वन कार्यालयको वन ब्यबस्थापन कार्य योजनामा व्यवसायिक कबुलियती वन पहिचान गरी समावेश गर्नु पर्नेछ । यो कार्यविधि लागु हुनु भन्दा अगावै जिल्ला वन कार्यालयको स्वीकृत कार्ययोजनामा नसमेटिएका संभावित व्यवसायिक कबुलियती वनको हकमा पहिचान गरी समावेश गर्नु पर्नेछ ।

व्यवसायिक प्रयोजनका लागि कबुलियती वन उपलब्ध गराउँदा देहाय बमोजिमका उद्देश्य अनुरुप वर्गीकरण गरिएको छ :

(क) क्षतिग्रस्त वन क्षेत्र (Degraded Forest Land) तथा पारिस्थितीकीय प्रणालीको पुर्नस्थापना (Ecosystem Rehabilitation) गर्न बृक्षारोपण गरी वन विकास,

(ख) वन संरक्षण गरी पर्यापर्यटन उद्यम विकास,

(ग) जैबिक विविधता संरक्षण, कृषि वन र जडीबुटी उद्यम विकास,

(घ) कच्चा पदार्थ उत्पादन गरी वन पैदावारमा आधारित उद्योगको विकास,

(ङ) वन संरक्षण गरी वन्यजन्तु तथा किट पतंग फार्म व्यवस्थापन

(२) **सूचना प्रकाशन र कबुलियती वन पट्टा प्रदान**

२.१ जिल्ला वन कार्यालयको जिल्ला वन क्षेत्र योजना वा वन ब्यबस्थापन कार्य योजनामा समावेश सम्भावित व्यवसायिक कबुलियती वनको विवरण खुलाई जिल्ला वन कार्यालयले आर्थिक बर्षको सातौं महिनाको पहिलो हप्तामा राष्ट्रिय स्तरको पत्रिकामा सूचना जारी गरी इच्छुक संगठित सँस्था, उद्योग तथा समुदायसंग प्राविधिक तथा आर्थिक प्रस्ताव आव्हान गर्ने छ ।

२.२ यस्तो सूचना जिल्ला वन कार्यालयले आफ्नो कार्यालयको सूचना पाटीमा टाँस गर्नुपर्ने छ र सो सूचना टाँस गर्नको लागि वन विभाग, क्षेत्रीय वन निर्देशनालय र जिल्ला स्थित जन सम्पर्क हुने कार्यालयमा पठाउनु पर्ने छ । साथै ऊक्त सूचना वन विभाग र वन तथा भू-संरक्षण मन्त्रालयको वेब साईटमा (Web site) पनि राख्नु पर्नेछ ।

२.३ प्राप्त हुन आएका प्रस्तावहरु जिल्ला वन कार्यालयले नियामनुसार खोली आफ्नो राय सहित क्षेत्रीय वन निर्देशनालयमा पठाउनु पर्ने छ । प्राप्त प्राविधिक तथा आर्थिक प्रस्ताव बिश्लेषण गरी उत्कृष्ट र ब्यवसायिक प्रतिफल दिने खालको रहेछ भने आफ्नो राय समावेश गरी निर्देशनालयले वन बिभाग मार्फत वन तथा भू-संरक्षण मन्त्रालयमा स्वीकृतीका लागि पठाउनु पर्नेछ ।

२.४ बिभागले वन नियमावलीको नियम ३९ क (४) बमोजिमको समितिले ब्यवसायीक योजनाको प्राबिधिक र आर्थिक पक्ष बिश्लेषण, मूल्यांकन गरी राय सिफारिस सहित उत्कृष्ट एक प्रस्तावलाई निर्णयार्थ वन तथा भू-संरक्षण मन्त्रालयमा पठाउनु पर्नेछ । मन्त्रालयले सिफारिस उचित ठहराएमा एक महिनाभित्र निर्णय गरी सो को जानकारी क्षेत्रीय वन निर्देशनालयलाई गराउनु पर्नेछ । क्षेत्रीय वन निर्देशनालयलाई जानाकारी भएको मितिले १५ दिन भित्र प्रश्तावकलाई जानाकारी गराउनु पर्नेछ ।

२.५ कबुलियती वन ब्यवसायीले योजना स्वीकृत भएको सूचना प्राप्त भएको दुई वर्षभित्र कवुलियती वन योजनाको वातावरण संरक्षण ऐन, २०५३ र वातावरण संरक्षण नियमावली, २०५४ अनुसारको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) वा वातावरणीय प्रभाव मुल्यांकन (EIA) प्रतिवेदन स्वीकृत गराई कबुलियती वनको पट्टाको लागि निर्देशनालयमा निवेदन दिई कबुलियती वन पट्टा लिनु पर्नेछ । तर यो कार्यविधि लागु हुनु भन्दा अगावै प्रारम्भिक वातावरणीय परीक्षण/वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन स्वीकृत नगराई पट्टा लिएका ब्यवसायीहरुले यस कार्यविधि अनुसार दुई वर्षभित्र अनिवार्य रुपमा उपरोक्त बमोजिम वातावरणीय प्रतिवेदन स्वीकृत गराउनु पर्नेछ । दुई वर्षभित्र पनि योजनाको IEE/EIA प्रतिवेदन स्वीकृत नगराएमा कबुलियती वन पट्टा नवीकरण गरिने छैन ।

२.६ कबुलियती वन पट्टा प्राप्त भएको मितिले एक वर्षभित्र कबुलियती वन योजना संचालनमा ल्याई कबुलियतनामा अनुसार वार्षिक शुल्क बुझाई जिल्ला वन कार्यालयबाट पट्टा नवीकरण गराउनु पर्नेछ । जिल्ला वन कार्यालयले पट्टा नवीकरण भएको जानकारी क्षेत्रीय वन निर्देशनालयमा गराउनु पर्नेछ । सो अनुसार कबुलियती वन योजना संचालन नभएमा वन ऐन, २०४९ को दफा ३३ बमोजिम पट्टा खारेज हुनेछ ।

२.७ ब्यवसायीले प्रत्येक वर्ष कबुलियती वन योजनाको वार्षिक प्रगति सम्बन्धित जिल्ला वन कार्यालय तथा क्षेत्रीय वन निर्देशनालयमा पेश गर्नु पर्नेछं ।

२.८ जिल्ला वन कार्यालयले वन ब्यबस्थापन कार्य योजनाको नक्साङ्कनमा नपरेको तर कवुलियती वनको लागि उपयुक्त वनक्षेत्र कुनै संगठित सँस्था, उद्योग वा समुदायले ब्यवसायिक कबुलियती वनको रुपमा लिन निवेदन दिएमा सामाजिक, आर्थिक तथा वातावरणीय पक्ष अध्ययन/विश्लेषण गरी उक्त क्षेत्रलाई कार्ययोजनामा समावेश गरी यस कार्यविधि अनुसार प्रक्रिया अगाडि बढाउन सकिने छ ।

२.९ कवुलियती वनको लागि उपयुक्त देखिएमा संवन्धित सामुदायिक वन उपभोक्ता समूहको सहमती लिई उक्त वन क्षेत्र व्यवसायिक कवुलियती वनको रुपमा व्यवस्थापन गर्न सकिने छ।

(३) **वातावरण संरक्षण सम्बन्धि व्यवस्था**

पट्टावालाले स्वीकृत वातावरणीय अध्ययन (IEE/EIA) प्रतिवेदनमा उल्लेख भएका प्रतिकुल प्रभाव न्यूनीकरणका उपायहरु (Mitigation measures) र अन्य सुझाईएका बिषयवस्तुलाई अनिवार्य रुपमा कार्यान्वयन गर्नु पर्नेछ। सो अनुसारको कार्यान्वयन भएको प्रगति विवरण वार्षिक प्रतिवेदनमा समावेस गरी जिल्ला वन कार्यालय र क्षेत्रीय वन निर्देशनालयमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

(४) **वार्षिक राजस्व सम्बन्धि व्यवस्था**

नेपाल सरकारले तोकेको उद्योग व्यवसाय संचालनमा लाग्ने प्रचलित शुल्क, मुल्य अभिवृद्धि कर, अन्य करहरुका अतिरिक्त वन क्षेत्रको जग्गा भोगचलन गरे वापत पट्टावालाले वन नियमावली, २०५१ को अनुसूची- २० बमोजिम वार्षिक न्यूनतम आधार दस्तुर तथा कबुलियतनामामा उल्लेख भएको रकम हरेक आर्थिक वर्षको अन्त्य सम्ममा जिल्ला वन कार्यालयमा बुझाउनु पर्नेछ।

(५) **कबुलियती वन पट्टाको अवधि थप गर्ने सम्बन्धी ब्यवस्था**

५.१ वन ऐन २०४९, वन नियमावली, २०५१ तथा कबुलियती वन नीति, २०५९ कार्यान्वयन हुनु भन्दा अगाडि संचालनमा रहेका ब्यवसायिक कबुलियती वनहरुको करार अवधि समाप्त भई बर्तमान नीति अनुरुप कबुलियती वन पट्टाको अवधि थप गर्नु पर्ने भएमा, संचालित व्यवसायिक कवुलियती वनको जिल्ला वन कार्यालयले अनुगमन गरी सन्तोषजनक भएमा थप अवधिको लागि वन क्षेत्र प्रयोग गर्न दिन सिफारिस सहित अनुगमन प्रतिवेदन सम्बन्धित क्षेत्रीय वन निर्देशनालयमा पेश गर्नु पर्नेछ।

५.२ जिल्ला वन कार्यालयबाट प्राप्त भएको अनुगमन प्रतिवेदनमा निर्देशनालयले थप केहि बुझ्नु पर्ने भएमा स्थलगत जाँचबुझ गराई सन्तोषजनक देखिएमा सिफारिस सहित वन नियमावली, २०५१ को नियम ३९क (४) अनुसारको समितिमा मूल्याङ्कनका लागि नयाँ योजनाको आर्थिक तथा प्राविधिक पक्ष समेटेको योजना सहितको प्रस्ताव वन विभागमा पठाउनु पर्नेछ।

५.३ संचालित कबुलियती वन योजनाका क्रियाकलापको अनुगमनबाट वन, वातावरण, सामाजिक, आर्थिक पक्षमा प्रभाव मूल्यांकन (Impact evaluation) संतोषजनक हुन आएमा, वन नियमावली, २०५१ को नियम ३९क (४) अनुसारको समितिले मूल्यांकन सहित सिफारिस र प्रारम्भिक वातावरणीय परीक्षण (IEE)/वातावरणीय प्रभाव अध्ययन (EIA) प्रतिबेदनको आधारमा वन तथा भू-संरक्षण मन्त्रालयले नियमानुसार करार अवधि थप गर्ने स्वीकृती दिन सक्नेछ।

५.४ मूल्यांकन समितिले आर्थिक तथा प्राविधिक प्रस्तावमा विश्लेषण गरी यस कार्यविधिको दफा (४) मा उल्लेख भएको शुल्क दस्तुरमा साविक करारनामाको अन्तिम वर्षमा ब्यवसायीले वुझाएको राजस्वलाई आधार मानी नयाँ थप हुने अवधिको शुल्क उद्यमीसंग वार्ता गर्नु पर्ने भएमा वार्ता गरी शुल्क यकिन गरी वन विभाग मार्फत निर्णयार्थ वन तथा भू-संरक्षण मन्त्रालयमा पेश गर्नु पर्नेछ। पट्टाको अवधि थप गर्ने निर्णय वन तथा भू-संरक्षण मन्त्रालयको हुनेछ।

(६) **अनुगमन तथा मूल्याङ्कन**

६.१ पट्टावालाले प्रत्येक आर्थिक वर्ष भुक्तान भएको दुई महिनाभित्र वार्षिक प्रतिवेदन क्षेत्रीय वन निर्देशनालय र जिल्ला वन कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

सचिव

६.२ क्षेत्रीय वन निर्देशनालय र जिल्ला वन कार्यालयले सो प्रतिवेदन र व्यवसायिक कवुलियती वनमा कार्यान्वयन गरिने क्रियाकलापले वन, वातावरण, बन्यजन्तु र जैबिक विविधतामा पर्न गएको असर तथा प्रभाव र कवुलियती वनको कबुलियतनामा तथा बातावरणीय अध्ययन प्रतिबेदनमा उल्लेखित शर्तहरु वा प्रतिकुल प्रभावको न्यूनीकरणका उपायको कार्यान्वयन अवस्थाका साथै स्थानीय सामाजिक, आर्थिक अवस्थामा देखिएको प्रभावको नियमित रुपमा अनुगमन गरी सुधारको लागि पट्टावाला तथा विभाग र मन्त्रालयमा पृष्ठपोषण गर्नु पर्नेछ ।

६.३ आवधिक अनुगमन मुल्याङ्कन गर्नु पर्ने अवस्था आएमा वन तथा भूसंरक्षण मन्त्रालय, वन विभाग र क्षेत्रीय वन निर्देशनालयको संयुक्त टोलीले अनुगमन र मूल्याङ्कन गर्नेछ । यस्तो अनुगमन तथा मूल्याङ्कनको कार्यमा पट्टावालाले पूर्ण सहयोग पुऱ्याउनु पर्नेछ । संयुक्त अनुगमन टोलीको संयन्त्र देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| • क्षेत्रीय निर्देशक | संयोजक |
| • अधिकृत प्रतिनिधि वन तथा भूसंरक्षण मन्त्रालय | सदस्य |
| • अधिकृत प्रतिनिधि वन विभाग | सदस्य |
| • पट्टावालाको आधिकारीक प्रतिनिधि | सदस्य |
| • जिल्ला वन अधिकृत | सदस्य सचिव |

६.४ विभिन्न अनुगमन प्रतिवेदनले औंल्याएका सुधार गर्नुपर्ने पक्षलाई पट्टावालाले अनिवार्य पालना गर्नु पर्नेछ । सो गरेको नपाइएमा सम्बन्धित पट्टावालालाई वन ऐन, २०४९ को दफा ३३ को व्यवस्था बमोजिम कारवाही हुनेछ ।

(७) <u>सामाजिक सुरक्षा</u>

आयोजनाका लागि व्यवसायीले निर्माण गरेका भौतिक पूर्वाधार, सवारी साधन तथा कर्मचारीको विवरण जिल्ला वन कार्यालयमा पठाउनु पर्नेछ । कवुलियती वनको क्षेत्रमा निर्माण भएका संरचना, प्रयोग भइरहेका भौतिक सामग्री, कार्यरत कर्मचारीहरु, आगन्तुकको सामाजिक सुरक्षा गर्ने पूर्ण दायित्व पट्टावालाको हुनेछ । व्यवसाय संचालन भएको क्षेत्र आसपास रहेका स्थानीय समुदाय, स्थानीय निकाय, सुरक्षा निकाय, स्थानीय रेञ्जपोष्टसंग समन्वय गरी स्वीकृत योजनाका कार्यक्रम संचालन एवं कबुलियती वनक्षेत्र भित्रको प्राकृतिक सम्पदाको संरक्षण गर्ने दायित्व पट्टावालाको हुनेछ ।

(८) <u>विविध</u>

(१) स्वीकृत व्यवसायिक कबुलियती वन योजनालाई परिमार्जन वा थपघट गर्नु परेमा औचित्यको आधारमा सशोधनको लागि वन नियमावली, २०५१ को दफा ३९क (४) बमोजिम गठित मूल्याङ्कन समितिको सिफारिसमा वन विभाग मार्फत वन तथा भूसंरक्षण मंत्रालयमा पेश गर्नु पर्नेछ ।

(२) राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग अन्तरगत ब्यबस्थपन गरिएका कुनैपनी संरक्षित क्षेत्रमा कबुलियती वन उपलब्ध गराईने छैन् ।

(३) करारनामाको पालना गर्ने सिलसिलामा पट्टावाला र सम्बन्धित निकायबीच कुनै विवाद उत्पन्न भएमा वन तथा भूसंरक्षण मन्त्रालयको निर्णय अन्तिम हुनेछ ।